# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल

## BHARATPUR METROPOLITAN CITY
### Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

(प्रथक पटक प्रकाशित मितिः २०७७/०७/१८)

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको वार्षिक नगर विकास योजना २०७७ ७८/को पेज नं ९८ मा समावेस भएका तपसिल वमोजिमको कृषि क्षेत्र संग सम्बन्धित नेपाल सरकारको सशर्त अनुदान कार्यक्रमहरु कार्यान्वयनको लागि रित पुगेको ईच्छुक आवदेकले यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र भरतपुर महानगरपालिका नगर कार्यपालिकाको , कार्यालयमा आवश्यक कागजत सहित निवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएकोछ ।

तपसील

| क्र. सं. | कार्यक्रम | बजेट (रू. हजारमा) | आवश्यक कागजात तथा मापदण्ड |
|---|---|---|---|
| १ | कृषि सहकारी संस्था मार्फत भरतपुर महानगरपालिका २१ पार्वतीपुरमा खाधा गोदाम घर निर्माण सहयोग लागत साझेदारीमा | २५०० | • कृषि सहकारीको प्रमाणपत्र ।<br>• लेखा परिपक्षण प्रतिवेदन।<br>• कृषि पुर्वाधार निर्माण सरकारी/सहकारी/सामुदायिक/सार्वजनिक जग्गामा मात्र गरिनेछ । सो सम्वन्धित कागजत ।<br>• कार्यविधि अनुसारको DPR तयार गर्ने/स्विकृत DPR । |
| २ | तरकारी संकलन केन्द्र निर्माण र २३ भरतपुर) ( नं वडा २४ | ३००० | • कृषक समूह/सहकारी को प्रमाण पत्र।<br>• नविकरण/ लेखा परिक्षण प्रतिवेदन।<br>• कृषि पुर्वाधार निर्माण सरकारी/सहकारी/सामुदायिक/सार्वजनिक जग्गामा मात्र गरिनेछ। कम्तीमा ३ कट्टा क्षेत्रफल खुल्ने कागजात।<br>• कार्यविधि अनुसारको DPR तयार गर्ने/स्विकृत DPR । |
| ३ | नयां वहुउद्धेश्य नर्सरी स्थापना | २५० | • कृषक/कृषक समूह/कृषि सहकारी/निजी फर्म/ नर्सरी दर्ता प्रमाणपत्र ।<br>• जाली घरको लागि कम्तीमा २ रोपनी र खुला भएमा कम्तिमा ५ रोपनी क्षेत्रफल खुल्ने कागजात ।<br>• नया वहुउद्धेश्य नर्सरी स्थापना कम्तीमा १०००० र हाल भएको फलफूल नर्सरी क्षमता अभिवृद्धिको लागि कम्तीमा १५००० गुणस्तर फलफूल विरुवा उत्पादन क्षेमता भएको हुन पर्ने छ।<br>• करार सम्झौता भएमा कम्तीमा १० वर्षको हुनपर्ने छ ।<br>• तालिम तथा कृषि विषय अध्ययन गरेकोलाई प्राथमिकता दिईने छ ।<br>• वार्षिक विरुवा उत्पादन कार्ययोजना तयार गरी कार्यान्वयन गरेको हुन पर्ने ।साथै, सिंचाई, विजुली, संचार, श्रमिक उपलव्ध भएको हुन पर्ने । |
| ४ | हाल भएका फलफूल नर्सरी क्षमताको अभिवृद्धि | १५० | |

नोटः- कार्यविधि अनुसार थप कागजात आवश्यक भएमा कार्यालयले माग गर्न सक्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल

**BHARATPUR METROPOLITAN CITY**
Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

## सूचना! सूचना!! सूचना!!!
(प्रथम पटक प्रकाशित मिति : २०७७/०७/१८)

अनुदानमा मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ को दफा १० को स्थानीय समितिको मिति २०७७/०७/१७ को निर्णय अनुसार दफा १५ को उपदफा २ को खण्ड (ख) बमोजिम बिक्रेता नियुक्ति तथा बिक्री वितरण सम्बन्धी व्यवस्थाको लागि सहकारी संस्था, फर्म वा कम्पनीले मलको बिक्री वितरण गर्न चाहेमा भरतपुर महानगरपालिका नगर कार्यपालिकाको सिफारिसका लागि तपसील बमोजिमको विवरण र कागजातका साथ १५ दिन भित्र यस कार्यालयमा निवेदन दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

तपसील

१. निवेदन फारम
२. सहकारी संस्था, फर्म वा कम्पनी दर्ताको प्रमाण
३. विगत दुई आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि
४. स्थाई लेखा नम्वर दर्ता प्रमाण
५. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
६. संस्थागत निर्णयको प्रतिलिपि
७. अनुभव, कार्यदक्षता, कार्यक्षमताको विवरण
८. नापतौल गर्ने मेशिन, गोदामघर, सूचना प्रविधि लागायतको भौतिक पूर्वाधारको विवरण
९. वडा कार्यालयको सिफारिस
१०. कार्यक्षेत्र खुल्ने विवरण

नोटः- निर्देशिका बमोजिम थप कागजत र विवरण आवश्यक भएमा कार्यलयले माग गर्न सक्नेछ। बिक्रेता नियुक्ति सिफारिस गर्दा कृषि सम्बन्धी सहकारी संस्थाहरुलाई प्राथमिकता दिईने छ। निर्देशिका अनुसार गठित स्थानीय समितिको निर्णय अनुसार सिफारिस दिईनेछ ।

(प्रेमराज जोशी)
प्रमुख प्रशासकीय अधिकृत